थाहानगर दौड: महिलातर्फ सुष्मा र पुरुषतर्फ विकासलाई स्वर्ण । पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४१ ● २०८० वैशाख ११ गते सोमबार, ● 24 April 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरमा प्रमुख प्रशासकीय अधिकृत फेरिए

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा कृष्ण गिरी सरूवा भई आएका छन् । भक्तपुर नगरपालिकाबाट गिरी सरूवा भई ४ वैशाखमा हाजिर भएका हुन् ।

प्रमुख प्रशासकीय अधिकृत गिरीलाई थाहानगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली लगायत कर्मचारीहरूले स्वागत गरेका थिए । स्वागत कार्यक्रममा नगर प्रमुख विष्टले सरूवा भई आएका गिरीलाई थाहानगरको गरिमा उठ्ने गरी कार्य सम्पादनमा सहयोग पुऱ्याउन आग्रह गरे । पालिकालाई भौतिक पूर्वाधारको विकासको साथै सुशासन, परदर्शिता र सेवा प्रवाहलाई चुस्तदुरूस्त राख्ने गरी काम गरे सबै सफल हुने सुझाए ।



प्रमुख प्रशासकीय अधिकृत गिरीले जनप्रतिनीधिको योजनालाई कार्यानवयन गर्ने प्रतिवद्धता व्यक्त गरे । 'जनप्रतिनीधिको भिजनलाई कानूनी दायरामा रही कार्यान्वयन गर्नु मेरो दायित्व हो' उनले भने । टिमवर्क र अन्तर क्रियात्मक भई थाहानगरको सम्पूर्ण कार्य नतिजामुखी भई कार्य सम्पादन गर्ने उनको प्रतिवद्धता रहेको थियो ।

स्वागत कार्यक्रममा थाहा नगर पालिकाका विभिन्न शाखाका प्रमुख तथा वडाध्यक्षहरूलगायतको उपस्थिती रहेको थियो । कार्यक्रम नगर प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षतामा भएको थियो ।

## 'गुणस्तरीय सेवा प्रवाह र विकास कार्यमा कन्जुस्याइ हुन्न'

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्न र विकासका काममा कुनै कन्जुस्याई नगर्ने बताएका छन् । नागरिकको सेवा व्यवस्थित गर्न र पालिकाको सर्वाङ्गिण विकासका लागि निर्वाचित पदाअधिकारी हरदम प्रतिवद्ध रहेको बताउँदै कुनै गुनासो भए त्यसलाई सम्बोधन गरेर अघि बढ्ने नगर प्रमुख विष्टले प्रतिवद्धता जनाए । थाहा नगरपालिकाको आयोजनामा ६ नम्बर वडा कार्यालय बज्रवाराहीमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका जिज्ञासा र प्रश्नहरूको जवाफ दिदै विष्टले यस्तो बताएका हुन् ।




एसएमएस मिडिया प्रालिको संयोजनमा बज्रवाराहीमा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा शिक्षा, स्वास्थ्य, कृषि, पशु, लैङ्गिक समानता, पूर्वाधार विकास, अनुगमन व्यवस्थापन, प्रशासनिकलगायतको सवालहरूमा नागरिकहरूले पालिका र वडा समिति लक्षित प्रश्न गरेका थिए । कार्यक्रममा नगर प्रमुख विष्टले पालिकाको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनमा बेरूजु बढेको प्रसंग उल्लेख गर्दै बेरूजु भन्ने वित्तिकै यसलाई खाइमासेको रूपमा नलिन नागरिकहरूलाई आग्रह गरे । विष्टले बेरूजु, यसका किसीम र बेरूजु हुनुको कारणको विषयमा समेत नागरिकहरूलाई सुझाएका थिए । एकीकृत रूपमा पालिकाको विकास र प्रगतीमा जनप्रतिनिधीहरू उत्तरदायी हुने र नागरिकहरू कर्तव्यनिष्ट भएर काम गर्न सके सफलता हाम्रै सामु रहेको प्रमुख विष्टले उल्लेख गरे । यसअघिको पहिलो जननिर्वाचित कार्यकालको स्मरण गर्दै विष्टले भने-'बेरूजु कम हुनु, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोगलगायतको क्षेत्रगत रूपमा संघीय सरकारदेखि जिल्ला समन्वय समितिसम्मको तहबाट पुरस्कृत थाहा नगरपालिकाको साख कायम राख्न जनप्रतिनीधि, कर्मचारी र नागरिकको पनि उत्तिकै भूमिका हुन्छ, म तपाइहरूबाट यहि चाहान्छु ।' कार्यसम्पादनको क्रममा केही त्रुटि भए त्यसलाई सुधारेर जनमुखी काम गर्न थाहा नगरपालिका सँधै तयार रहेको उनको भनाइ थियो ।

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले पालिकामा न्यायिक कार्यसम्पादनका कार्यहरू निरन्तर भैरहेको कार्यक्रममा जानकारी गराए । मेलमिलापकर्ताहरूको गुनासो समेत सम्बोधन गर्दै उपप्रमुख गोपालीले वडास्तरमा गठित मेलमिलाप केन्द्रलाई वडाकै एक बलियो अंगको रूपमा स्थापित गर्न वडाध्यक्षहरूलाई निर्देशन दिए । पालिकाबाट हुने योजनालगायतको अनुगमनको कार्यमा नागरिकलाई समेत सहयोग गर्न आग्रह गरे । पालिका र वडा संयन्त्रबाट भएको अनुगमनमा के त्रुटि गर्छ भनेर बस्नुभन्दा पनि कुनै समस्या भए हाकाहाकी आफूलाई भेटेर वा फोनमै पनि नागरिकले भन्न सकिने उपप्रमुख गोपालीको भनाइ थियो । योजना तर्जुमा, संचालन, फरफारकको क्रममा प्रक्रिया र कागजात पुगेको खण्डमा कुनै कर्मचारीबाट दु:ख दिन खोजे त्यसको रिपोटिङ आफूलाई सिधै गर्न समेत आम नागरिकहरूलाई आग्रह गरे । बजार अनुगमन, सचेतनालगायतका कार्यक्रमहरूमा पनि पालिका प्रतिवद्ध रहेको गोपालीको भनाइ रहेको थियो । पालिकाको सेवा प्रवाह र विकास कार्य मजबुद बनाउन कर्मचारीहरूको पनि महत्वपूर्ण भूमिका हुने बताउँदै थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले उनीहरूको क्षमता अभिवृद्धिमा ध्यान दिएको बताए । नगरको आन्तरिक आय वृद्धि गर्न सके पालिकाले सोचेका नवीनतम कार्य गर्न सकिने बताउँदै यस कार्यमा नागरिकहरूले कर्तव्य निर्वाह गर्ने सवालहरूमा गम्भीर हुन आग्रह गरे । ग्रामिण भेगको नगरपालिका भएकोले भौगोलिक रूपमा सेवाका कुनै ढिलासुस्ती भए त्यसलाई सच्याउन पालिका तयार रहेको उल्लेख गर्दै रिक्त दरबन्दी पदपूर्तिका लागि लोकसेवा आयोगसंग कर्मचारी माग गरिने उनको भनाइ थियो । आफू भर्खर थाहामा सरूवा भई आएको बताउँदै प्रमुख प्रशासकीय अधिकृत गिरीले नगर पालिकाको विकास, सेवा प्रवाह, सुशासन र पारदर्शी कार्यको लागि आफू प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा उठेका सवालहरूमा थाहा नगरपालिका शिक्षा शाखा प्रमुख माधव विक्रम मल्ल, योजना महाशाखा प्रमुख डम्बर बहादुर विश्वकर्मा, कृषि विकास शाखा प्रमुख संजय तिवारी, स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, डाक्टर शक्ति चौरसिया, लेखा अधिकृत हरि बहादुर खपाङ्गी मगर, सामाजिक

*बाँकी पेज ६ मा*

## थाहानगरकी दिनालाई दुई स्वर्ण



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका घर भएकी दिना गोपालीले प्रदेशस्तरीय राष्ट्रपति र निङशिल्डमा दुई स्वर्ण हात पारेकी छन् । थाहा-६, स्थित इअन एकेडेमीमा अध्ययरत दिना गोपालीले बागमती प्रदेशस्तरीय महिलातर्फको १०० मिटर र २०० मिटर दौड प्रतियोगितामा स्वर्ण पदक हात पारेकी हुन् ।

पुस २०७९ मा बज्रबाराही माविमा भएको नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको छनोट चरणमा उत्कृष्टता हासिल गर्दै ७ फागुन २०७९ मा मकवानपुर जिल्लास्तरीय छनोट चरणमा समेत गोपालीले उत्कृष्टता कायम गदै बागमती प्रदेश स्तरीय प्रतियोगिताका लागि छनोट चरण पार गरेकी थिइन् । जिल्लाबाट छनोट हुँदै बागमती प्रदेशस्तरीय प्रतियोगिताबाट २ स्वर्ण हात पारेकी गोपाली दौड प्रतियोगितासँगै पढाइमा समेत अब्बल रहेको एकेडेमीका शिक्षक सुनिल महर्जनले बताए । राष्ट्रियस्तरको प्रतियोगिताको तयारीका लागि हेटौंडामा तालिममा सहभागी हुन गोपालीलाई पठाइने महर्जनले बताए ।

थाहानगरको एकमात्र प्रतिनिधित्व खेलाडी दिना गोपालीको अपार सफलताले थाहा नगरबासीहरू हर्षित रहेको महर्जनले बताए । प्रदेशस्तरीय र निङशिल्डमा गोपालीको दुई सहित मकवानपुरले कूल ६ स्वर्ण जोड्दै प्रदेशका १३ जिल्लामध्ये तेस्रो भएको थियो ।



विकास खबरपत्रिका साप्ताहिक | प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त | www.bikaskhabar.com
२०८० वैशाख ११ गते सोमबार, 24 April, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## सम्पादकीय

# सबैलाई खानेपानी सेवा

मानव जीवनका लागि पानी अपरिहार्य हो । खानेपानी सहजरूपमा उपलब्ध हुन सकेन भने जीवनशैली नै कठिन हुन्छ । तर कैयौं ठाउँमा खानेपानी समस्या निकै जटिल छ । एक गाग्री पानी लिन घण्टौं हिंड्नुपर्ने, पानीका लागि राति सुत्न पनि नपाउने जस्ता थुप्रै उदाहरण छन् । गर्मीयाम शुरु भएपछि देशका विभिन्न स्थानमा खानेपानी समस्या देखिन थालेको छ । खासगरी उच्च ग्रामीण भेगमा खानेपानीको संकट चुलिंदो छ । केही पहाडी जिल्लामा यस वर्ष गतवर्षको भन्दा धेरै खानेपानीको समस्या देखिएको पीडा स्थानीयले गर्न थालेका छन् । गतवर्ष हिउँदयाममा पानी पर्दा मुहानको पानी बढे पनि यो वर्ष पानीका मुहान चाँडै सुकेकाले खानेपानी अभाव बढी देखिन थालेको छ । कैयौं ठाउँमा रातभर लाइन बस्नुपर्नेलगायतका समस्या देखिन थालेका छन् । जहाँ, जे जसरी समस्या आएको भए पनि खानेपानीआपूर्तिलाई राज्यले प्राथमिकतामा राख्नु आवश्यक छ । स्वच्छ पानी पिउन पाउनु नेपाली नागरिकको मौलिक हक हो । पछिल्लो तथ्यांकअनुसार झण्डै ९० प्रतिशत जनताले आधारभूत पानी प्राप्त गरेको भए पनि गर्मीयाममा देखिने अभावले यो संख्या सही हो भन्ने पनि देखिदैन । ९० प्रतिशतले पानी पाएको भनिए पनि २५ प्रतिशत आसपासले मात्रै स्वच्छ पानी पाएका छन् ।

१५ औं राष्ट्रिय योजनाले शुद्ध पिउने पानी ४० प्रतिशत नागरिकसम्म पुऱ्याउने परिकल्पना गरेको छ । दिगो विकासको लक्ष्य हासिल गर्न सन् २०३० सम्म ९० प्रतिशत नागरिकसम्म शुद्ध खानेपानी पुऱ्याउनुपर्छ । तर हरेक वर्षका गर्मी याममा देखिने खानेपानीको अभावले लक्ष्य प्राप्ति चाहे जस्तो सजिलो छैन । खानेपानीको अभाव विश्वब्यापी समस्या बन्न थालेको छ । बढ्दो जलवायु परिवर्तनको असर स्वरुप खानेपानीका स्रोतमा कमी आउँदैछ । मुहानहरु सुक्दै जानु ठूलो समस्याको रुपमा देखिन थालेको छ । समयमै पानी नपर्ने, परे पनि छोटो समयमा धेरै पानी पर्ने, लामो समय सुक्खा रहने, यसले गर्दा पहाडी क्षेत्रमा पानीको मुहान सुक्ने समस्या छ । बढी बाटोघाटो निर्माणका कारण पनि पानीको स्रोत सुक्ने समस्या छ । पानीको स्रोत सुकेका कारण बस्ती पनि सरिरहेका छन् । मुहान नै सुक्ने अवस्थामा पानीको स्रोत खोज्दै टाढा जानुपर्ने हुनसक्छ, जसले गर्दा लागत पनि बढी लाग्छ । पानीको स्रोतले गर्दा भविष्यमा अझ चुनौती थपिने खतरा उत्तिकै छ । जलवायु परिवर्तनका असर न्यून गर्न एकातिर अनुकूलनका योजना अघि बढाउनु आवश्यक छ भने अर्कोतिर भएको स्रोतको उचित परिचालन गरेर सबै ठाउँमा खानेपानीको आपूर्ति पुऱ्याउनु आवश्यक छ ।

खानेपानी आपूर्तिको दायित्व तिनै तहका सरकारको हो । ठूला योजना संघीय सरकारले, मध्य खाले योजना प्रदेश सरकारले र साना योजना स्थानीय तहले सञ्चालन गर्न सक्छन् । त्यसो त नेपालमा सामुदायिक खानेपानी आयोजनाहरु सफल भएकाले खानेपानीको आपूर्ति गर्नु समुदायको पनि दायित्व हो । यसरी हेर्दा राज्य र नागरिक मिलेर खानेपानीआपूर्तिको काम व्यवस्थित गर्नु राम्रो मानिन्छ । भौतिक पूर्वाधारका काममा सरकारले लगानी गर्छ भने योजना व्यवस्थापनको काम समुदायले गर्छ । यो मोडल नेपालमा सफल पनि भएको छ । अहिले सामुदायिक खानेपानीआयोजनाहरु सहरी क्षेत्रमा सफल देखिए पनि ग्रामीण क्षेत्रमा अझै यो सोच र चेतनाको विस्तार भइसकेको छैन । यसलाई सबैतिर विस्तार गर्दै खानेपानी आपूर्तिलाई प्रभावकारी बनाउने कार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभञ्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विद्यार्थी भर्नाका व्यवधान र समाधान



◆ देवीप्रसाद आचार्य

### विषय प्रवेश

नेपालको संविधान २०७२ सालले शिक्षालाई नागरिकको मौलिक अधिकारमा रहेको छ । यसको अर्थ राज्यले शिक्षा प्राप्त गर्नु हरेक नागरिकको अधिकार भएको कुरा स्वीकार गर्नु हो । राज्यले शिक्षालाई मौलिक अधिकार मान्नुका साथै सबैलाई शिक्षाको पहुँचमा पुऱ्याउनका लागि सकारात्मक पहल पनि गरेको छ । हरेक स्थानीय तहमा विद्यालय सञ्चालनमा छन् । बालशिक्षाको व्यवस्था गरिएको छ । माध्यमिक तहको शिक्षालाई निःशुल्क बनाइएको छ । विद्यालय तहका पाठ्यपुस्तक निःशुल्क उपलब्ध छन् । प्राथमिक तहका बालबालिकालाई दिवा खाजाको व्यवस्था, छात्रालाई स्यानिटेरी प्याड वितरण, छात्रवृत्तिको व्यवस्थालगायतका प्रबन्धका साथै सर कारले हरेक वर्ष विद्यार्थी भर्ना अभियान चलाउने गरेको छ । उल्लेखित कार्यहरू राज्यका सकारात्मक पहल कदमीहरू हुन् ।

परन्तु, आजको यथार्थ के छ भने राज्यले उल्लेखित शैक्षिक क्रियाकलापको प्रबन्ध गर्दागर्दै पनि समाजका लाखौं बालबालिकाहरू विद्यालय भर्ना हुन सकेका छैनन् । भर्ना भएका विद्यार्थीले पनि विद्यालय शिक्षा पूरा नगरी बीचैमा छाडेका छन् । यो वास्तविक अवस्थालाई नियालेर हेर्दा राज्यले गरेका पहलले मात्र समुदायका सबै तह र तप्काका बालबालिका विद्यालय भर्ना हुन नसकेको तथ्यलाई स्विकार्नु पर्छ । यसो हुनाका कारणहरू के के हुन् ? किन अभिभावकले छोराछारीलाई विद्यालय भर्ना गरेका छैनन् ? भर्ना भई हाले तापनि विद्यार्थीले किन विद्यालय शिक्षा पूरा गर्न सक्दैनन् ? अर्थात् बीचैमा पढाइ छाड्दछन् ? लगायतका प्रश्नहरू तीतो यथार्थ बनेर खडा भएका छन् । यी प्रश्नको जवाफ नखोजीकन चलाइने भर्ना अभियानले मात्र विद्यालय बाहिर रहेका बालबालिका भर्ना हुन सक्दैनन् । आफ्ना छोराछोरीलाई विद्यालय भर्ना नगर्नुको पछाडि आर्थिक अभाव, अभिभावकको कमसल शैक्षिक स्तर एवं लैंगिक विभेद मुख्य व्यवधानका रूपमा रहेको देखिन्छ ।

### आर्थिक अभाव

हाम्रो देशमा अझै पनि १८ प्रतिशतभन्दा बढी जनसंख्या गरिबीको रेखामुनि बाँच्न बाध्य छ । समाजका पिछडावर्गको आर्थिक हैसियत उठाउन राजनीतिक दलले सिद्धान्तका ठूला ठूला कुरा गरे तापनि ठोसरूपमा केही काम हुन सकेको छैन । समाजमा ठूलो संख्याका घर परिवारको आर्थिक अवस्था नाजुक छ । समाजमा विपन्नवर्गको जीवन झन् पछि झन् कष्टकर बन्दै भइरहेको छ । हुने खाने र हुँदा खानेबीच आर्थिक खाडल फराकिलो छ । आर्थिक अभावका कारण छोराछारीको पढाइसँग सम्बन्धित खर्चको जोहो गर्न नसक्दा अभिभावकले चाहेर पनि विद्यालय भर्ना गर्न सकेका छैनन् । विपन्न तथा सीमान्तकृत समुदायमा ठूलो संख्यामा बालबालिका विद्यालय भर्ना हुन पाएका छैनन् । घरबरविहीन सुकम्बासी, पूर्वकमैया, पूर्वकमलरी, पूर्वहलिया, लोपउन्मुख जाति, मुसहर, राउटे, चेपाङ, पासी, चमार, डोम, बादी, माझी, कुसन्डा, गन्दर्भलगायतका अधिकांश बालबालिकाहरू विद्यालय शिक्षाबाट वञ्चित भएको तथ्यांक छ । भौगोलिक रूपमा सर्लाही, धनुषा, रौतहट, पर्सा, बारा र कपिलवस्तु जिल्लामा ठूलो संख्याका बालबालिका विद्यालय शिक्षाको अवसरबाट वञ्चित छन् । त्यसो त आर्थिक अभावका कारण पढ्न नपाउने बालबलिका देशव्यापी रूपमा रहेको अवस्था छ ।

### अभिभावकीय शैक्षिक चेतना:

घरलाई मानिसको पहिलो पाठशाला भनिन्छ । वालकको सबै भन्दा ठूलो मित्र तथा गुरू आमा हुन्भन्ने गरिन्छ । नेपोलियन बोनापार्टले 'मलाई शिक्षित आमा देउ, म असल नागरिकदिन्छु भनेका छन् । यसको अर्थ शिक्षित आमाहरू भएका बालबलिकाले शिक्षा आर्जन गरी असल नागरिक बन्न सक्दछन् भन्ने हो । बुद्धले मन नै सबथोक हो, हामी जे सोच्छौं त्यही हुन्छौं भने । यसको अर्थ शिक्षाको सन्दर्भमा पनि लागू हुन्छ । शिक्षित मनले शिक्षाको महत्व बुझ्दछन् । तुलनात्मक रूपमा शिक्षित आमाबुबा भएका बालबालिकाले शिक्षाको सहज अवसर पाउँछन् । हाम्रो देशको सन्दर्भमा औषतरूपमा अभिभावक अशिक्षित भएका घरपरिवारका बालबालिका विद्यालय भर्ना हुन नसकेको अवस्था छ ।

शिक्षितले इतिहासबाट पाठ सिकेर वर्तमानका समस्याहरू समाधानगर्दै भविष्यको जग खडा गर्न सक्दछन् भन्ने गरिन्छ । हाम्रो समाजको कुरा गर्दा अझै पनि एक तिहाइ जनसंख्या अपठित भएको अवस्था छ । यसमा पनि अघिल्लो पुस्ताको संख्या अधिक छ । कतिपय अभिभावक आर्थिकरूपमा सक्षम भए तापनि शैक्षिक चेतनाको अभावका कारण छोराछोरीलाई विद्यालय भर्ना नगरेर बालश्रममा लगाउने गरेको पाइन्छ ।

### लैंगिक विभेद

नारी र पुरूषका वा छोरा र छोरीबीच असमान व्यवहार गर्नु लैंगिक विभेद हो । हाम्रो समाजमा लैंगिक विभेदको अन्त्य हुन सकेको छैन । देशको कानुन, नियम र नीति नियममा पुरूष र नारीबीच असमान व्यवहार गर्न वर्जित छ, दण्डनीय छ । तथापि, भावनात्मक तथा व्यावहारिकरूपमा लैंगिक समता छैन । लैंगिक समता भन्नाले भावनात्मक र व्यावहारिक रूपमा छोरा, छोरी वा महिला र पुरूषलाई समान रूपमा हेर्नु हो । व्यवहार गर्नु हो । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक एवं शैक्षिकरूपमा सान हैसियत प्रदान गर्नु हो । प्रजातन्त्रको पुनर्स्थापना भएपछि छोरीलाई पनि विद्यालय पठाउनुपर्ने समाजिक चेतनामा अभिवृद्धि भएको पाइन्छ । लैंगिक समानता'दयगत प्रचारप्रसार भएको छ । समाचारहरू आउने गरेका छन् । लेख, रचना छाप्ने गरेका छन् । हजुरआमाको समयबाट आमा पुस्ता हुँदै छोरी पुस्तामा आइपुग्दा लैंगिक व्यवहारमा सकारात्मक सुधार भएको छ । सामाजिक मनोविज्ञान फेरिएको छ । तथापि, समाजमा छोरालाई विद्यालय पठाउने र छारीलाई मेलापातमा पठाउने अभिभावक अझै पनि भेटिन्छन् । व्यवहारमा पूर्णरूपमा लैंगिक समता हुन सकेको छैन ।

### समाधानको बाटो

हाम्रो समाजमा माथि उल्लेखित आर्थिक, अभिभावकीयक शैक्षिक चेतना एवं लैंगिक विभेद जस्ता समास्याको समाधान नगरीकन विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्न, विद्यालयमा टिकाउन र सिकाउन गाह्रो छ, वैशाख लाग्यो । छोराछोरीलाई विद्यालय भर्ना गर्ने बेला भयो । भर्ना शुल्क, झोला, जुत्ता, कापी, कलम आदिको जोहो गर्न पैसा छैन भन्ने अभिभावक धेरै छन् । यसरी, आर्थिक दृष्टिकोणबाट हेर्दा छोराछोरीलाई विद्यालय पठाउन नसकेका घर परिवारको समस्या समाधान गर्न राज्यको उपस्थिति अनिवार्य ठानिन्छ । अथवा राज्यले हरेक स्थानीय तहका अति विपन्न घर परिवारको पहिचान गरी उनीहरूका समस्या समाधान गर्न नगरेसम्म विपन्न समुदायका बालबालिका विद्यालय भर्ना सक्ने अवस्था देखिँदैन ।

राज्यले चाहेमा हरेक स्थानीय तहमा आर्थिक समस्याका कारण छोराछोरीलाई विद्यालय भर्ना गर्न नसकेका घरधुरीलाई तत्कालीनरूपमा सय दिनको प्रधानमन्त्री रोजगार कार्यक्रममा अवसर दिन सक्दछ । यस कार्यक्रमा दलका कार्यकर्तालाई होइन, गरिबीकै कारण बालबालिकालाई विद्यालय भर्ना गर्न नसकेका घर परिवारलाई रोजगारीको अवसर दिनुपर्छ । यसको साथै स्थानीय तहले सीपमूलक तथा उत्पादनशील कार्यक्रममा बजेट विनियोजन गरी लक्षितवर्गका जनतालाई विभिन्न आयमूलक तालिम दिई उत्पादनमा जोड्नुपर्छ ।

स्थानीयलाई आयआर्जनका अवसर उपलब्ध गराउन गाउँ, ठाउँ, त्यहाँको उत्पादनका सम्भावना, बजार व्यवस्थापनलगायतका आधारमा आयोजना निर्माण गर्नुपर्छ । आर्थिकरूपले पिछडिएका स्थानीयलाई सीपमूलक तालिम प्रदान गर्दा डोको बुन्ने, नांलो बनाउने, सिलाइ, बुनाइ, कटाइका तालिम, अचार बनाउने, गुन्द्री, चकटी, राडी, पाखी, स्वीटर बन्ने, बनाउने, बाख्रापालन, कुखरापालन, तर कारी खेती, पुष्प खेती, फलफूल खेती, खुसार्नी खेती, रेसम खेती, माहुरीपालन, माछापालनलगायतका क्षेत्र उपयुक्त हुन सक्दछन् । यसो हन सकेमा गरिबीकै कारण विद्यालय भर्ना गर्न नसकेका अभिभावकले आय आर्जन हन सक्दछ । अनि उनीहरूले आफ्ना छोरीछोरीलाई विद्यालयमा भर्ना गर्न सक्दछन् ।

आर्थिक सुधारका अतिरिक्त समाजमा रहेको लैंगिक तथा अन्य समस्याको दीर्घकालीन समाधानको बाटो शिक्षा नै हो । नेपाली समाजमा रहेको अशिक्षालाई हटाउन तत्कालीनरूपमा शिक्षाको अनौपचारिक मोडेलका तालिम सञ्चालन गर्नुपर्छ । औपचारिक शिक्षाबाट वञ्चित जनसंख्यालाई डी-स्कुलिङ शिक्षामार्फत सामाजिक जागरण ल्याउन सकिन्छ । शिक्षामा आधुनिक चिन्तनको प्रारम्भ सँगसँगै शिक्षा पद्धतिका वैकल्पिक धार णाअनुरूप डी-स्कुलिङ शिक्षाको प्रशिक्षण विश्वव्यापी अभ्यास हो ।

हाम्रो देशको सन्दर्भमा पनि डी-

*बाँकी पृष्ठ ३ मा*

# खाना खानेबित्तिकै गर्न नहुने ७ गल्ती

केही व्यक्तिले भनेको सुनिन्छ- 'स्वास्थ्यलाई फाइदा पुग्ने खानेकुरा खाएकै छु, तर पनि शरीर स्फूर्त छैन कसरी ?' कहिलेकाहीं पौष्टिक खानेकुरा खाँदाखाँदै पनि पोषण नपुगेको जस्तो महसुस हुन सक्छ । लगातार नै पोषण नपुगेको जस्तो, शरीरमा ऊर्जा नभएको वा शरीर भारी भएको जस्तो भएमा एकपटक सोच्नैपर्ने हुन्छ ।

पौष्टिक तत्व खाएर मात्र हुँदैन, त्यसको प्रक्रियामा पनि ध्यान पुऱ्याउनुपर्छ । खाना खानेबित्तिकै धेरै खालका गल्ती हुन सक्छन्, जसले फाइदा पुऱ्याउनुको साटो हानि गरिरहेको हुन्छ । सामान्यतया हामी खाना खाएपछि यी सात गल्ती गरिरहेका हुन्छौं ।

**१. पानी खाने पिउने बानी**

खाना खानेबित्तिकै पानी पिउने बानी अधिकांश नेपालीको हुन्छ । टन्न खाना खाने अनि टन्न पानी खाने । खाना खानेबित्तिकै पानी खाँदा पाचनप्रक्रिया सुस्त हुन्छ, जसले खाना सजिलै पच्न सक्दैन । पेट डम्म हुने छिटो भोक नलाग्ने हुन्छ । त्यसबाहेक पेटमा छिटो बोसो लाग्ने र बढ्ने हुन्छ । त्यसैले यो गल्ती खाना खानेबित्तिकै गर्नुहुँदैन । खाना खाएको आधा घण्टापछि पानी पिउँदा हुन्छ ।

**२. फलफूल खाइहाल्ने बानी**

ताजा फलफूल शरीरका लागि अत्यन्त फाइदाजनक हो । तर खाना खानेबित्तिकै फलफूल खानु भने हानिकारक सावित हुन सक्छ । खानासँगै फलफूल मिसिंदा पाचनसम्बन्धी समस्या आउने, अम्लीय गराउने र खानामा पाउने पोषण तत्व पूर्ण रूपमा प्राप्त हुँदैन ।

**३. धुम्रपान गर्ने बानी**

यो बानी शरीरका लागि सबैभन्दा हानिकारक हो । अझ खाना खानेबित्तिकै धुम्रपान गर्ने बानी छ भने त सोच्नैपर्छ । खाना खानेबित्तिकै चुरोट खानु भनेको १० गुणा बढी स्वास्थ्यलाई हानि पुऱ्याउनु हो । चुरोटमा कार्सिनोजेन्स हुन्छ, जसले इरिटेबल बोउल सिन्ड्रोम र अल्सरको समस्या निम्त्याउन सक्छ । त्यसैले खाना खानेबित्तिकै चुरोट खानुहुँदैन ।

**४. नुहाउने बानी**

खाना खानेबित्तिकै नुहाउनु र स्वीमिङ गर्नु हुँदैन । खाना खानेबित्तिकै शरीरको ऊर्जा जति पेटमा केन्द्रित हुन्छ र पचाउन सक्रिय हुन्छन् । यस्तोमा जब तपाईं खानापछि नुहाउनुहुन्छ वा स्वीमिङ खेल्दा शरीरमा चिसो पानी पर्छ । रगतको प्रवाह सतहतर्फ गई पेट कमजोर हुन्छ । चारैतर्फ रक्तसञ्चार बढी भई पाचनप्रक्रिया सुस्त हुन्छ ।

**५. शारीरिक गतिविधि गर्ने बानी**

खाना खाएपछि व्यायाम गर्ने, खेल्ने र उफ्रिने गर्दा पाचन प्रक्रियामा बाधा पुग्न सक्छ । यसले बान्ता हुने, चक्कर लाग्ने, पेट फुल्ने, आफैंलाई थाकेको महसुस हुन सक्ने र मुटुकै समस्या समेत देखिन सक्छ ।

खानापछि एक मात्र व्यायाम गर्न सकिन्छ, वज्रासन । यसले पाचन प्रक्रियामा मद्दत गर्छ ।

**६. चिया, कफी, कोल्ड ड्रिंक खाने बानी**

कसैको बानी खाना खाइसकेपछि चाहे बेलुकाको होस् या बिहान चिया वा कफी पिउने बानी हुन्छ । यस्तो बानी स्वास्थ्यका लागि हानिकारक हुन्छ । यसले खाना पचाउने प्रक्रियालाई अवरोध बनाउँछ । त्यसमा हुने क्याफिनले अल्सर को समस्या गराउन सक्छ ।

प्रायः खानामा तातो कुरा हुन्छ । यस्तोमा तुरुन्तै चिसो खानेकुरा खाँदा शरीरको तापक्रममा असर पार्छ ।

**७. खाना खानेबित्तिकै सुत्ने बानी**

खाना खानेबित्तिकै सुत्ने कतिपयको बानी हुन्छ । यसो गर्दा पेटको रोग र मोटोपनको समस्या हुन सक्छ । खाना खानेबित्तिकै सुत्दाले खाना राम्रोसँग पच्न पाउँदैन ।

साथै शरीरमा टक्सिन बन्ने, कोलेस्टेरोल बढ्ने र रगत प्रदूषित हुन सक्ने पनि हुन्छ ।

यी बाहेक अहिले खाना खानेबित्तिकै ढल्किएर मोबाइल चलाउने धेरैको बानी हुन्छ । यसो गर्दा बसाइको सन्तुलन नमिलेर पाचन प्रक्रिया राम्रो हुँदैन ।

## विद्यार्थी भर्नाका . . .

स्कुलिङ शिक्षाको अभ्यासलाई हरेक स्थानीय तहमा सञ्चालन गरी अभिभावकको शैक्षिक चेतनाको विकास गर्नु छ । यसो हुन सकेमा सामाजिक सचेतनाको विकास हुन्छ । अभिभावकले शिक्षाको महत्व बुझ्दछन् । सामाजिक चेतनाको विकासले समाजमा रहेका लैंगिक एवं अन्य विभेदका सीमा पनि साँघुरिँदै जान्छन् । विद्यालयबाहिर रहेका समुदायका बालबालिका विद्यालय भर्ना हुन सक्दछन् ।

# आलु कसरी बन्यो सर्वप्रिय ?

आलु संसारमै सबैभन्दा लोकप्रिय र धेरै उपभोग हुने खाद्यपदार्थ हो । नेपाली भान्सामा पनि आलुले महत्वपूर्ण हिस्सा ओगट्छ । धेरै तरकारी आलु बिना अधुरो हुन्छन् ।

अर्को कुरा आलु मन नपराउने मानिस पनि सायदै हुन्छन् । विश्वको जुनसुकै भेगमा पनि पाइने र अरू तर कारीभन्दा तुलनात्मक रूपमा सस्तो पनि पर्ने भएकाले आलु धेरैको रोजाइमा पर्ने पोषणविद् आरेम कार्की बताउँछन् ।

**आलुको उत्पत्ति**

आलुको उत्पत्ति दुई हजार वर्षभन्दा पहिला सर्वप्रथम दक्षिण अमेरिकाको पेरुमा भएको वैज्ञानिक मान्यता छ । सन् १५३६ मा स्पेनका नाविकले पेरुलाई जितेपछि आलुलाई स्पेनमा ल्याएको देखिन्छ भने सन् १५८० मा कोलम्बसले स्पेनबाट युरोपका अन्य देशमा आलु फैलाएको बताइन्छ । युरोपका जर्मनी, अस्ट्रिया, फ्रान्स, पोर्चुगल लगायत देशमा फैलिन करिब दुई सय वर्ष लागेको आलुलाई पोर्चुगलले भारतीय उपमहाद्वीपमा प्रवेश गराएको तथ्यहरू भेटिन्छन् ।

फ्रान्समा आलुको विस्तार गर्न लुई चौधौंले सन् १७६७ मा आलुको परिकार मात्र बनाइएको भोज आयोजना गरेको तथा उक्त भोजमा तत्कालीन अमेरिकी राजदूत बेन्जामिन फ्रयाँलिन समेत सहभागी भएको उल्लेख छ । पोर्चुगलले भित्र्याएको आलु भारतको पश्चिम तटीय क्षेत्रमा खेती हुने गरेको विवरण सन् १६७५ मा तत्कालीन बेलायती दूतावासका कर्मचारी एडवार्ड टेरीले आफ्नो भ्रमण डायरीमा लेखेका छन् । भारतको पश्चिम बंगालमा भने बेलायती व्यापारीहरूले लगेको पाइन्छ । पश्चिम बंगालबाट नेपालको पूर्वी भाग हुँदै आलु नेपाल तथा तिब्बत प्रवेश गरेको अनुमान गर्न सकिन्छ ।

**नेपालमा प्रचलित आलुको प्रजाति**

**कुफ्री ज्योति :** यो आलु मध्यम जातअन्तर्गत पर्छ । यो आलु ठूलो, हल्का, गोलाकार अनि बोक्रा सेतो रङको हुन्छ ।

**कुफ्री सिन्धुरी :** यो पछौटे जात अन्तर्गत पर्छ । यसको फल मध्यम खालको अनि गोलाकार हुनुका साथै बोक्रा रातो रङको हुन्छ ।

**डेजिरे :** यो अगौटे जात अन्तर्गत पर्छ । यसको पनि मध्यम खालको गोलाकार फल हुनुको साथै बोक्रा रातो हुन्छ ।

**जनकदेव :** यो तराई, पहाड र हिमालमा खेती गरिने मध्यम जातको हो । यसको फल ठूलो सानो दुवै हुने र बोक्रा रातो हुन्छ ।

**खुमल सेतो :** यो मध्यम खालको आलु हो । यसको फल गोलो, ठूलो, सानो अनि बोक्रा सेतो हुन्छ ।

**खुमल रातो :** यो पनि मध्यम जातकै आलु हो । यसको फल मध्यम खालको हुन्छ, जसमा हल्का रातो बोक्रा हुन्छ ।

**कुफ्री बाहार :** यो मध्यम जातको, ठूलो, गोलो अनि हल्का सेतो बोक्रा भएको आलु हो ।

**आलुको पौष्टिक महत्व**

आलुलाई बहुउपयोगी कन्दमूल मानिन्छ । तरकारीको प्रमुख नै मानिने आलु विश्वभरि सबैभन्दा बढी उपभोग हुने कृषिउपजमध्येमा पर्छ । आलु सदाबहार तरकारी मात्रै नभई औषधीय गुणले भरिएको खाद्यपदार्थ समेत हो ।

मध्यमखाले १०० ग्राम आलुमा ११२ क्यालोरी ऊर्जा हुने पोषणविद् कार्की बताउँछन् । 'आलुमा २० प्रतिशत स्टार्च, दुई प्रतिशत प्रोटिन, एक प्रतिशत खनिज र ८० प्रतिशत पानी हुन्छ,' उनी भन्छन् ।

१०० ग्राम आलुको खानयोग्य भागमा २० देखि २३ प्रतिशत कार्बोहाइड्रेट, १.६ प्रतिशत प्रोटिन, ७४.७ प्रतिशत पानी, ०.०१ ग्राम बोसो, ०.६-१ ग्राम मिनरल्स, ०.०१ प्रतिशत क्याल्सियम, ०.०३ प्रतिशत फस्फोरस हुन्छ । यस्तै प्रति १०० ग्राम आलुमा भिटामिन 'ए' ४० आईयू र फलाम ०.७ मिलिग्राम समेत पाइने पोषणविद् कार्की बताउँछन् ।

**आलुको परिकार**

आलुलाई तरकारीको राजा भनिन्छ । आलुबाट बनेको हरेक परिकार स्वादिष्ट हुन्छ । आलुबाट २०० भन्दा बढी परिकार बनाउन सकिन्छ । नेपालमा लोकप्रिय आलुका परिकारमा आलुको तरकारी, अचार, आलुदम, फ्रेन्च फ्राइ, आलु परौठा, समोसा, चिप्स, भुजिया, आलुचप, पकौडा, आलु निम्की, आलु जिरा, आलु चाट, दही आलु, पोलेको आलु, आलुको सलाद, आलु तन्दुरी, आलुको सुप, शेर्पाको रैथाने परिकार रेल्दोक लगायतका परिकार र हेको सेफ आरबी बुढाथोकी बताउँछन् ।

**आलुसँग जोडिएका अन्य तथ्य**

- आलुको सबैभन्दा पौष्टिक भाग बोक्राको तल मात्र हुन्छ । त्यसैले आलुमा भएको पौष्टिक तत्व प्राप्त गर्न बोक्रासहित पकाउनुपर्छ ।
- आलुको कुनै भाग हरियो छ भने त्यसलाई काटेर फाल्नुपर्छ । किनभने यसमा सोलानिन नामक विषाक्त पदार्थ हुन्छ । यसबाहेक आलुमा अंकुर आएको छ भने त्यो भाग काटेर हटाउनुपर्छ ।
- आलुमा अथाह औषधीय गुण हुन्छ । यसले आन्द्रामा फोहोर हुने प्रक्रियालाई रोक्छ र पाचन प्रक्रियामा सहयोगी ब्याक्टेरिया वृद्धिमा सहयोग गर्छ ।
- काँचो आलुको रस छालाको दाग हटाउन उपयोगी हुन्छ । आलुमा पाइने पोटासियम सल्फर, फस्फोरस र क्याल्सियमको मात्राले छालालाई सफा राख्न मद्दत गर्छ ।







# थाहानगर दौडः महिलातर्फ सुष्मा र पुरूषतर्फ विकासलाई स्वर्ण

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरस्तरीय खुल्ला दौड प्रतियोगिताको उपाधि महिलातर्फ सुष्मा घलान र पुरूषतर्फ विकास लो स्वर्ण पदक अर्थात प्रथम भएका छन् । पुरूषतर्फको ५ किलोमीटर र महिलातर्फको ३ किलोमीटर दुरीमा प्रतियोगिता भएको हो ।

'स्वास्थ्यका लागि दौड' भन्ने मुल नाराकासाथ थाहा नगरपालिका वडा नम्बर १ लाई शुरू बिन्दुमानी भएको



प्रतियोगितामा पुरूष तर्फ थाहा ११ का लो र महिला तर्फ थाहा १२ की सुष्मा घलान प्रथम भएकी हुन् । लो ले निर्धारित दुरी २० मिनेट ५५ सेकेन्डमा पूरा गरे भने महिला तर्फ थाहा १२ कि सुस्मा घलानले निर्धारित दुरी १४ मिनेट ४४ सेकेन्डमा पूरा गरेकी थिइन् । त्यसैगरी पुरूषतर्फ निखिल बर्तौलाले निर्धारित दुरी २१ मिनेट १५ सेकेन्डमा पूरा गर्दै दोश्रो भए भने २१ मिनेट ३८ सेकेन्डमा निर्धारित दुरी पार गर्दै लवशेर घिसिङ तेश्रो भए ।

महिला तर्फ निर्धारित दुरी १५ मिनेट २१ सेकेन्डमा पूरा गर्दै सन्ध्या गोले दोश्रो र १५ मिनेट ३६ सेकेन्डमा दुरी पार गर्दै आशा तामाङ तेश्रो हुन सफल भएका



छन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः नगद १२ हजार, ८ हजार र ५ हजारसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गरेका छन । प्रतियोगितामा पुरूषतर्फ २१ र महिलातर्फ ११ जनाको सहभागीता रहेको थियो । थाहानगर खेलकुद विकास समितिले आयोजना गरेको प्रतियोगितामा फरक सोच र ल्याम्ह पुच मकवानपुरले संस्थागत सहयोग गरेका थिए ।

थाहा नगर खअेलकुद विकास समितिका संयोजक तथा १२ नम्बर वडाध्यक्ष टिकाराम स्याङ्तानको अध्यक्षतामा भएको पुरस्कार वितरण समारोहमा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली प्रमुख अतिथी थिए । कार्यक्रममा थाहा नगरपालिका १ नम्बर वडाध्यक्ष अध्यक्ष हेरमान गोपाली, ३ का हिरेन्द्र रायमाझी, ४ का नारायण लामा, खेलकुद विकास समितिका सदस्य सचिव अनिल लामिछाने, फरक सोचका संयोजक यादव जंग रायमाझी, ल्याम्ह पुचः मकवानपुरका अध्यक्ष सुविन्द्रमान प्रधान लगायतकाको आतिथ्यता रहेको थियो । प्रतियोगिता व्यवस्थापनका इलाका प्रहरी कार्यालय पालुङले समेत समन्वय गरेको थियो ।

# थाहामा सालको चिरान काठको सरकारी डिपो संचालन

◆ विकास संवाददाता

थाहा नगरपालिकाको घट्टे चौरमा सालको चिरान काठको डिपो संचालनमा आएको छ । थाहा नगरपालिका र आसपासको पालिकाको सेवा दिने उद्देश्यले थाहा नगरपालिकाको समन्वयमा राप्ती डिभिजन वन कार्यालय मनहरीले काठ डिपो संचालनमा ल्याएको हो ।

घट्टेचौरको तरकारी संकलन केन्द्रको भवनमा चिरान काठ बिक्री केन्द्र संचालन भएको छ । केन्द्रमा ५ सय क्युफिट ६ सय ७६ थान चिरान काठ बिक्रीको लागि ल्याइएको सव डिभिजन वन कार्यालय पालुङका प्रमुख कृष्ण शर्माले जानकारी दिए ।

काठ खरिदको लागि घर मर्मत तथा संभार गर्नुपर्ने भएमा सम्बन्धित वडा तथा नगरपालिकाको सिफारिसको आधारमा एक घर २० क्युफिट काठ बिक्री गरिने

**वडा तथा नगरपालिकाको सिफारिसको आधारमा काठ पाउन सकिने ।**

शर्माले बताए । ढलानसहितको पक्की घर निर्माणकार्यको लागि काठ आवश्यक परे घरको नक्सापास सहित सव डिभिजन कार्यालय पालुङको कार्यालय थाहा १ झम्केश्वरी तथा थाहा नगरपालिकामा निवेदन दिन सकिने उनले बताउ । पक्की घरको लागि ५० क्युफिट काठ उपलब्ध हुनेछ ।

सालको चिरान काठ थाहानगर बाटै उपलब्ध गराउन थाहा नगरपालिकाका प्रमुख बिष्णु बहादुर बिष्टले निरन्तर राप्ती डिभिजन लाई आग्रह गरेपछि डिभिजन प्रमुख बिष्णु प्रसाद आचार्यको पहलमा नगरबाट नै काठ उपलब्ध गराउन शुरू भएको हो ।

# थाहानगरमा उद्यमी बनाउन सीप विकास तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरबासीलाई सीप सिकाई आत्मनिर्भर गराउने उद्देश्यले कृस्टल गहना तथा चुरा बनाउने एडभान्स तालिम दिइएको छ । सोही अवसरमा अपाङ्गता भएकाहरूलाई दियउको अचार बनाउने सात दिने तालिको पनि समापन गरिएको छ । तालिमको एक समारोहकाबीच ३० चैतमा थाहानगरका प्रमुख विष्णु बहादुर विष्टले समापन गरेका हुन् ।



महिलाहरूलाई आत्म निर्भरताको लागि दुवै कार्यक्रम प्रभावकारी भएको नगर प्रमुख विष्टले विश्वास व्यक्त गरे । सहभागीहरूलाई प्रमुणपत्र वितरण गर्दै प्रमुख अतिथी विष्टले यस्तो विश्वास व्यक्त गरेका हुन् । विष्टले भने- 'उद्दमशिलता र सिप विकास तालिम प्रदान गरी बेरोजार नागरिकहरूलाई आत्म निर्भर हुन बजेटको व्यवस्था गरिनेछ ।' उत्पादनलाई बजार व्यवस्थाको लागि पनि नगरपालिकाले आवश्यक समन्वय गर्ने नगर प्रमुख विष्टको भनाइ थियो । उनले महिला र अपाङ्गा भएकाहरूलाई आत्मनिर्भर गराउने सवालमा नगरपालिका कहिल्यै पछि नपर्ने विष्टले बताए । कार्यक्रममा थाहा नगरपालिका ३ नम्बर वडाध्यक्ष हिरेन्द्र रायमाझीले सीप विकास संगै पारिवारिक जीवनमा सुधार आउने अपेक्षा राखे । परिवारको आर्थिकस्तर उकास्न सके दैनिकी फेरिने र शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता पूरा गर्न सकिने उल्लेख गरे ।

कार्यक्रमका अतिथीहरू प्रमाणपत्र लिएर सिरानीमा राख्ने खालको नभई तालिमबाट सिकेका कुरा व्यवहारमा उतार्न आग्रह गरे । सहभागीहरूलाई व्यवसायिक बन्न सुझाव दिए । सहभागीहरूले आफुले उत्पादन गरेको वस्तुलाई बजारीकरण गर्न नगरपालिका र वडाले सहयोग गरे उत्साहित हुने आश व्यक्त गरेका थिए । अचार बनाउने तालिममा १२ वडाका १५ जना फरक क्षमता भएकाहरूको सहभागिता रहेको थियो भने कृस्टलको गहना बनाउने तालिममा विद्यालय छाडेका किशोरीहरूको सहभागिता रहेको थियो ।

थाहा नगरपालिका महिला बालवालिका तथा अपाङ्गता परिचयपत्र वितरण शाखाको सहयोगमा कृस्टलको गहना बनाउने एडभान्स तालिम तथा अपांग सरोकार समिति थाहा नगरको समन्वयमा ७ दिने अचार बनाउने तालीम सञ्चालन गरिएको थियो । तालिमका मुख्य प्रशिक्षक कमला सुवेदीले सिप सिकेर मात्र व्यक्ति उद्दमी बन्न नसक्ने बताउदै उद्यमी बन्नका लागी उद्यमशिलता तालिमको आबश्यकता रहने बताइन् । उनले एक घर, एक उद्यमी उत्पादन गर्न सके आर्थिक समृद्धिको आधार तयार हुने बताइन् । अचार बनाउने तालिमका सहभागीहरूलाई निलम रिजाल र रूपा कुमारी श्रेष्ठले सहजीकरण गरेकी थिइन् भने गहना बनाउने तालिम सिप विकास केन्द्र काठमाडौ तथा श्रीजनशील कृस्टल हस्तकला उद्योगकी संचालक कमला सुवेदीले सहजीकरण गरेकी थिइन् ।

सामाजिक विकास समिति थाहा नगरपालिकाकी सदस्य पवित्रा सिंह ठकुरीको अध्यक्षतामा सम्पन्न समापन समारोहमा विशिष्ट अतिथी उपप्रमुख भरत गोपाली रहेका थिए । कार्यक्रममा वडाध्यक्षहर हिरेन्द्र रायमाझी, नारायण लामा, वडा सदस्य कृष्ण कुमार कार्की, सविता सुनार, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, रोजगार संयोजक कुमार नेगी, सुचना शाखा प्रमुख सुरज कुमार भुजेल, महिला बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान, अपांग सरोकार समिति थाहानगरका अध्यक्ष मनलाल गोपाली, कोशेली घर संचालक समिती अध्यक्ष राजकुमार पन्त लगायतकाको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा तालिमका सहभागीहरूले कृस्टलका गहना तथा अचारलाई प्रदर्शन समेत गरेका थिए ।

# मार्खुमा अस्थाई प्रहरी चौकी स्थापना

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नंम्बर १ मार्खुमा अस्थाई प्रहरी चौकी स्थापना भएको छ । अस्थायी प्रहरी चौकीको २८ चैतमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले उद्घाटन गरेका हुन् ।

मकवानपुरको मार्खु जिल्लाकै पर्यटकीय क्षेत्रको रूपमा परिचित छ । इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रम मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामा विशिष्ट अतिथी तथा सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा, प्रमुख सेनानी (सुपारिटार) गोबिन्दराज




घिमिरे, जिल्ला प्रहरी कार्यालय मकवानपुरका बामदेव गौतम, अनिल कार्की (शसस्त्र प्रहरी उपरीक्षक), गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, कार्यवहाक वडा अध्यक्ष मनकृष्ण आले मगर, निवर्तमान वडा अध्यक्ष जमान सिं वाइबा लगायतकाको सहभागिता रहेको थियो ।

कार्यक्रम गाउँपालिका योजना तथा प्रशासकीय अधिकृत दीपक चापागाईले संचालन गरेका थिए ।

# गढीको प्रमुख प्रशासकीय अधिकृतमा भण्डारी

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा शैलेन्द्र भण्डारी हाजिर भएका छन् । ६ वैशाखमा एक कार्यक्रमका बिच गाउँपालिका कार्यालयले भण्डारीलाई स्वागत गरेको छ ।

यस अघि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीलाई विदाई गरिएको छ । भण्डारी यसअघि मकवानपुरकै इन्द्रसरोवर गाउँपालिकामा समेत प्रमुख प्रशासकीय अधिकृत भई काम गरिसकेका छन् । कार्यक्रममा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, उपाध्यक्ष मानकुमारी पाखिन नेपाली लगायतकाको सहभागिता रहेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# वैशाख १८ गते दामन रेडक्रसको निर्वाचन

◆ विकास संवाददाता

नेपाल रेडक्रस सोसाईटी दामन उपशाखाको आगामी २ वर्षे कार्यकालको लागि निर्वाचन कार्यक्रम सार्वजनिक भएको छ । यहि वैशाख १८ गते विकास घर शिखरकोटमा हुने निर्वाचनको लागि निर्वाचन तालिका सहित मतदाता नामावली समेत प्रकाशन गरिएको दामन उपशाखा सभापति राजकुमार केसीले बताए ।

निर्वाचन कार्यक्रम अनुसार १८ गते बिहान ११ बजेदेखि १२ बजे सम्म उम्मेद्वारको मनोनयन पत्र दर्ता गरिने र दिउँसो २:१५ देखि ४:१५ बजेसम्म निर्वाचन हुनेछ । उपशाखामा सभापति १ जना, उपसभापति (महिला) १ जना, सचिब १ जना, कोषाध्यक्ष १ जना, उपसचिब १ जना, उपकोषाध्यक्ष १ जना, १ जना महिला सहित ५ जना सदस्य समेत ११ जना निर्वाचित हुने ब्यवस्था र हेको छ ।

उपशाखा कार्यसमितिका लागि १ सय ७९ जना आजीवन सदस्यहरू मध्येबाट उम्मेद्वारी दर्ता संगै मतदान हुनेछ । सामाजिक सेवामा सक्रिय नेपाल रेडक्रस सोसाइटी उपशाखा दामनको आगामी कार्यसमिति सहमतिमा सर्वसम्मत चयन गर्न उपशाखा सभापति तथा जिल्ला सदस्य केसीले सम्पूर्ण आजीवन सदस्यहरूलाई अनुरोध गरे ।

# ढकालले जन्मदिन ज्येष्ठ नागरिकहरूसंग मनाए

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर २ का अच्युत्तम प्रसाद ढकालले आफ्नो जन्मदिन किरातेश्वर जेष्ठ नागरिक दिवा सेवा केन्द्रका जेष्ठ नागरिकहरूका साथ मनाएका छन् । थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको सेवा केन्द्रका ज्येष्ठ नागरिकहरूलाई मिठाइँ तथा थाहा खैजडी महिला भजन समूहलाई वाद्य सामाग्री दिएर ढकालले जन्मदिन मनाएका हुन् । ढकाल नेकपा एमाले थाहा नगर कमिटीका अध्यक्ष समेत हुन् ।

ढकालले ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यक्रमको आयोजना गरी जन्मदिनको अवसर पारेर जेष्ठ नागरिकलाई सम्मान तथा महिला भजन समुहलाई १० थान खैजडी वाद्य सामान प्रदान गरेका हुन । जेष्ठ नागरिक ज्ञान, सीप र अनुभवका खानी भएकोले उनीहरूका अनुभवलाई आफूले प्रयोग



गर्न सकौं भन्ने उद्देश्यले जेष्ठ नागरिकको दीर्घजीवन समेतको कामना गर्दै आफूले जन्मदिन रचनात्मक ढंगले मनाएको ढकालले बताए ।

उनले जेष्ठ नागरिक सेवा केन्द्रलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै महिलाहरूले सस्कृती संरक्षणमा दिएको योगदानको प्रशंसा गरे । कार्यक्रममा जेष्ठ नागरिक सेवा केन्द्रका अध्यक्ष सिताराम अधिकारी, नेकपा एमाले थाहा ४ का अध्यक्ष रामराजा केसी, फरक सोचका अध्यक्ष यादव जंग र ायमाझी, अनेमसंघ थाहा नगर अध्यक्ष सुमित्रा केसी, महिला खैचडी भजन समुहका अध्यक्ष सुनिता अधिकारी, थाहा खैजडी भजनका अध्यक्ष भिमसेन खत्री लगायत जेष्ठ नागरिक तथा खैजडी महिला समुहको उपस्थिति रहेको थियो ।

# जिसस मकवानपुरबाट कैलाश गाउँपालिका अनुगमन



◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले ५ वैशाखमा जिल्लाको विकट कैलाश गाउँपालिकाको अनुगमन गरेको छ । जिसस प्रमुख ललित बहादुर घलानको नेतृत्वमा गएको अनुगमन टोलीले गाउँपालिकाले चालु आर्थिक वर्षमा गरेका काम कारबाहीका विषयमा अनुगमन गरेको हो ।

अनुगमन टोलीले गाउँपालिकाले चालु आर्थिक वर्षमा विकास निर्माण, शिक्षा, स्वास्थ्य, सामाजिक, न्यायिक समिति, बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमको प्रगति लगायत समग्र शुसासनका क्षेत्रमा गरेका काम तथा प्राप्त गरेको उपलब्धीका बारेमा जानकारी लिएको छ । सो क्रममा गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तान, उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकिय अधिकृत अशोक विष्टलगायत विभिन्न शाखाका कर्मचारीहरूले चालु आर्थिक वर्षमा हालसम्म भएका प्रगतिका बारेमा जानकारी गएका थिए । गाउँपालिकाले भौतिक पुर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखे पनि सामाजिक, आर्थिक, रोजगारी, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रलाई पनि संगसंगै अगाडी बढाएको उनले बताए ।

अनुगमनका क्रममा प्रमुख घलानले गाउँपालिकाको आन्तिरिक आय बृद्धिमा ध्यान दिन साथै शिक्षा, स्वास्थ्य, रोजगारी तथा भौतिकसंगै सामाजिक आर्थिक विकासका क्षेत्रमा समेत ध्यान दिन सुझाव दिए । उनले उत्पादन वृद्धिका लागि जोड दिन, आग्रह गर्दै गाउँपालिकाले सम्भावनाको समेत खोजि गर्नुपर्ने भन्दै गाउँपालिकामा आईपर्ने विभिन्न समस्याका विषयमा जिससले हर्दम समन्वय र सहाकर्य गर्ने समेत बताए ।

अनुगमन टोलीमा जिल्ला समन्वय अधिकारी बासुदेव खतिवडा, जिसस सदस्यहरू सुमित्रा थिङ, सुवर्ण गोपाली, शाखा अधिकृत सुनिता गजुरेल,स्वकीय सचिव तिर्थबहादुर थापालगायतको सहभागिता थियो ।

# इन्द्रसरोवर गाउँपालिकाले निष्पक्ष भएर काम गरिरहेको छः अध्यक्ष पुडासैनी

◆ विकास संवाददाता

इन्द्रसरोवर गाउँपालिकाले आफ्नो सेवा प्रवाह, विकास निर्माण र सार्वजनिक सरोकारकार विषयमा आम नागरिकको गुनासो सुन्न सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । गाउँपालिकाको कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले पालिकाले निष्पक्ष भएर नागरिकको पक्षमा काम गरिरहेको बताए ।

'कुनै नागरिक कुनै काम वा समस्या लिएर पालिका आउँदा हामीले उहाँको काम सम्पन्न गरेरै पठाउँछौं, भएन भने के कारणले भएन के कागजात पुगेन भनेर पठाउँछौं', उनले भने, 'हामीले कुनै पार्टी, समुदाय र भुलोग नभई समग्र पालिकालाई केन्द्रमा राखेर काम गरिरहेका छौं ।' आम नागरिकले उठाएका विभिन्न प्रश्नहरूको जवाफ दिंदै अध्यक्ष पुडासैनीले ४ वर्षपछि आम नागरिककै रूपमा आफू जनताको माझमा रहने भएकाले कुनै आग्रह पूर्वाग्रह नराखी काम गरिरहेको बताए ।

गाउँपालिकाकी उपाध्यक्ष उमा कुमारी लामाले भौतिक पूर्वाधारसँगै शिक्षा, पर्यटन, कृषि लगायतका क्षेत्रलाई पनि प्राथमिकतामा राखेर पालिकाले काम गरिरहेको बताइन् । पालिकाका प्रमुख




**'भौतिक पूर्वाधारसँगै शिक्षा, पर्यटन, कृषि लगायतका क्षेत्रलाई पनि प्राथमिकतामा राखेर पालिकाले काम गरिरहेका छौं'-उपाध्यक्ष लामा**

प्रशासकीय अधिकृत प्रल्हाद कार्कीले सिमित स्रोत र कर्मचारीको भरमा पालिकाको समग्र विकास र सेवा प्रवाहको काम गरिरहेको बताए ।

कार्यक्रममा सहभागी स्थानीयहरूले कृषि अनुदान, नदीजन्य पदार्थ उत्खनन्, गुम्बा तथा गुफा संरक्षण, फोहरमैला व्यवस्थापन, विद्यालय शिक्षा सुधार तथा बस सञ्चालन, सार्वजनिक सौचालय निर्माण तथा सुधार लगायतका विषयमा प्रश्न गरेका थिए ।

कार्यक्रममा गाउँपालिकाको १, २, ३, ४ र ५ नम्बर वडाका करिब डेढसय स्थानीय सहभागि थिए । एस.एम.एस. मिडिया प्रालिले संयोजन गरेको कार्यक्रममा २ नम्बर वडा अध्यक्ष सुमन श्रेष्ठ, ३ नम्बर वडा अध्यक्ष प्रताप भोम्जन, ४ नम्बर वडा अध्यक्ष चन्द्र कुमार बल, ५ नम्बर वडा अध्यक्ष दुतराज तितुङ, गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्यहरू,पालिकाको विषयगत शाखा प्रमुखहरू लगायतको उपस्थिती थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# कैलाशका १६ जनाको मोतियाविन्दुको शल्यक्रिया

◆ विकास संवाददाता

मकवानपुर जिल्लाको विकट कैलाश गाउँपालिका घर भएका १६ जनाको मोतियाविन्दुको निःशुल्क शल्यक्रिया भएको छ । गत चैत २९ गते कैलाश-३ कालिकाटारमा आयोजना गरिएको आँखा शिविरमा मोतियाविन्दु भेटिएका १६ जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको हो ।

हेटौंडा सामुदायिक आँखा अस्पतालमा उनीहरूको शल्यक्रिया गरिएको गाउँपालिका अध्यक्ष लोक मोक्तानले जानकारी दिए । चैत २९ गतेको शिविरमा १ सय ८६ जना आँखाका विरामीको परीक्षण गरिएकोमा २१ जनामा मोतियाविन्दु देखिएको थियो । शिविरमा पहिचान भएका बिरामीमध्ये ५ वैशाखमा १६ जनाको आँखाको शल्यक्रिया गरिएको मोक्तानले बताए । बिरामीको शल्यक्रियामा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल ठकुरी, वडा नम्वर २ का अध्यक्ष राजेन्द्र घिसिङलगायतले भूमिका निर्वाह गरेका छन् । ५ जना बिरामी भने व्यक्तिगत कारणले आउन नसकेको र उनीहरूलाई छिट्टै शल्यक्रियाको व्यवस्था मिलाइने गाउँपालिकाको स्वास्थ्य शाखाका सुधिर महतोले बताए ।

गाउँपालिकाबाट आँखा अस्पतालसम्म आउन जान पालिकाले बस भाडा उपलब्ध गराएको अध्यक्ष मुक्तानले बताए । साथै पालिकाले प्रत्येक बिरामीलाई एक-एक वटा चस्मा र फलफूल तथा पौष्टिक खानेकुरा उपलब्ध गराएको छ । बागमती प्रदेशसभा सदस्य तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले आँखा अस्पताल पुगेर बिरामीसँग भेटघाट गर्नुकासाथै फलफूल तथा पौष्टिक खानेकुरा हस्तान्तरण गरेका छन् । उनले शल्यक्रिया गरेका बिरामीको आँखाको पट्टीसमेत खोलिदिएका थिए ।

# नामटार–खुमलटार सडकस्तरीकरण सुरु

◆ विकास संवाददाता

मकवानपुरको विकट कैलाश गाउँपालिकाको केन्द्र कालिकाटारलाई त्रिभुवन राजपथसम्म जोड्ने चुनिया नामटार कालिकाटार सडकअन्तर्गत नामटार-खुमलटार सडकको स्तरीकरण सुरू भएको छ । माटो कटिङ, ग्याबिन वाल, स्टोन मेशिनरीलगायतको काम गर्न ३ करोड ९४ लाख ३५ हजार रूपैयाँमा ठेक्का लागेको उक्त सडकको गाउँपालिकाका अध्यक्ष लोक मुक्तानले शिलान्यास गरेका छन् ।

६ वैशाखमा खुमलटारमा एक कार्यक्रमकाबीच अध्यक्ष मुक्तानले सडक स्तरीकरण कार्यको शिलान्यास गरे । संघ प्रदेश र स्थानीय सरकारको समपुरक योजनाअन्तर्गत ठेक्का लगाइएको उत्त सडक खण्डमा हाल ३ किलोमिटर सडक फराकिलो बनाउने पर्खाल लगाउने काम हुनेछ ।

संघीय सरकारको समपुरक बजेटबाट ७० लाख र प्रदेश सरकारको ७० लाख गरी चालु वर्षमा एक करोड ४० लाख रूपैयाँ बराबरको काम गर्नेगरी ठेक्का सम्झौता गरिएको छ । बहुबर्षीय योजना अन्तर्गत १८ महिनामा सम्पन्न गर्नेगरी आयुश्री बिल्डर्स एण्ड सप्लायर्स प्रालिसँग ठेक्का सम्झौता गरिएको उक्त सडकको काम तोकिएकै समयमा कार्य सम्पन्न गर्न ठेकेदार कम्पनीलाई अध्यक्ष मोक्तानले निर्देशन दिए । समपुरक अनुदानअन्तर्गत चालु वर्षमा १ करोड ४० लाख रूपैयाँको काम हुने र आगामी वर्ष गाउँपालिकाले बाँकी करिब डेढ करोड रूपैयाँ छुट्याउने गाउँपालिका अध्यक्ष मुक्तानले बताए ।

बाटोको शिलान्यास गर्दै पालिकाका अध्यक्ष मुक्तानले वि.सं. २०३७ सालदेखि सडक चलन चल्तीमा रहेता पनि हालसम्म स्तरीकरण नहुँदा स्थानीयले समस्या भोग्दै आएको बताए । अब भने त्रिभुवन राजपथबाट गाउँपालिका कार्यालयसम्म सहज आवागमनको लागि सडक स्तरीकरणलाई तीव्रता दिइने उनको भनाइ थियो ।


## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


## 'गुणस्तरीय सेवा प्रवाह ... ..

विकास शाखा प्रमुख अनिल लामिछाने, वडाध्यक्षहरू हेरमान गोपाली, राजेन्द्रभक्त श्रेष्ठ, हिरा बहादुर गमालगायतले उत्तर दिएका थिए । सो अवसरमा सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधिको अनुसूचीमा आधारित सर्वेक्षण प्रतिवेदन, सेवा प्रवाहको सूचक समेटिएको प्रतिवेदनहरूको समेत प्रस्तुतिकरण गरिएको थियो ।

थाहा नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा इन्जिनियर सन्तोष बोहरा, रोजगार संयोजक कुमार नेगी, ५ नम्बर वडा अध्यक्ष विष्णु बहादुर गुरूङ, ९ नम्बर वडाध्यक्ष राजकुमार बलामी, पशु विकास शाखा प्रमुख राघवेन्द्र मिश्र, सूचना अधिकारी सुरज कुमार भुजेल, योजना शाखा प्रमुख प्रकाश कुमार लामा, ६ नम्बर वडा सचिव सुनिल लामिछाने तथा वडा र नगरपालिकाका कर्मचारी तथा जनप्रतिनीधिहरूको सहभागिता रहेको थियो ।

सार्वजनिक सुनुवाइ कार्यक्रम थाहा नगरपालिका वडा नम्बर १, ५, ६, ९ र १० को संयुक्त रूपमा आयोजना गरिएको हो । यस किसिमका कार्यक्रम बाँकी वडाहरूलाई समेत समेटेर आगामि दिनमा आयोजना गर्ने नगरपालिकाको योजना रहेको छ । कार्यक्रमको सहजीकरण एसएमएस मिडिया प्रा.लि.का कृष्ण सारू मगरले सहजीकरण गरेका थिए ।


## औषधिको सही सेवन गरौं !

– चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बिना औषधिको सेवन नगरौं ।
– जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्दछ ।
– जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानै समेत जान सक्दछ ।
– एन्टिबायोटिक लगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं ।
– औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुनः बल्झिन सक्दछ ।

*त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्श अनुसार गर्ने गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः *bikaskhabar@gmail.com* ● सम्पादक : कुमार नेगी